नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCMC), रसुवा

बैठक संख्या :- ४

मिति :- २०७७/०१/२१

समय :- दिनको १:०० बजे

स्थान :- जिल्ला प्रशासन कार्यालय, रसुवा

**जिल्ला समितिः**

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री अर्जुन भण्डारी | संयोजक |
| जिल्ला समन्वय अधिकारी | श्री मिना अर्याल | सदस्य |
| प्रमुख सेनानी | श्री सविन्द्र नगरकोटी | सदस्य |
| प्रहरी नायव उपरीक्षक | श्री ईन्द्र प्रसाद सुवेदी | सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | श्री किरण पौडेल | सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | श्री देवेन्द्रराज उप्रेती | सदस्य |
| जनस्वास्थ्य अधिकृत | श्री किरण श्रेष्ठ | सदस्य |
| निमित्त मेडिकल सुपरिटेन्डेन्ट | डा. अनिल कुमार खरेल | सदस्य |
| सहायक प्रमुख जिल्ला अधिकारी | श्री सपना कुमारी भट्टराई | सदस्य-सचिव |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## निर्णयहरुः

१. जिल्लामा कोभिड-१९ को रोकथाम नियन्त्रणका लागि हालसम्म भएको सहयोग र समन्वयको लागि सबै सरोकारवाला निकायलाई विशेष धन्यवाद दिने।

२. उत्तरगया गाँउपालिकाको बेत्रावतीमा रहेको Health Desk लाई थप व्यवस्थित बनाउन र Health Screening कार्यलाई थप प्रभावकारी बनाउनका लागि स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस शाखा, रसुवा लगायत अन्य गैरसरकारी संस्थाको सहयोगमा थप प्राविधिक स्वास्थ्यकर्मी जनशक्ति थप गर्ने र आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने।

३. रसुवा नुवाकोटको सीमा क्षेत्र बेत्रावती मार्फत रसुवा प्रवेश गर्ने सवारी साधनहरुलाई Disinfectant गर्नका लागि बेत्रावतीमा Disinfection Tunnel व्यवस्थापन गर्ने। साथै रसुवा अस्पताल र जिवजिवे ग्रामिण अस्पताल(२ स्थान) मा RT-PCR परीक्षणका लागि नमुना संकलन केन्द्र(Swab Collection Booth) निर्माण गर्ने। यसको व्यवस्थापनका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने।

४. नौकुण्ड गाँउपालिकाको सरमथली Health Desk र उत्तरगया गाँउपालिकाको मैलुङ Health Desk लाई थप प्रभावकारी, व्यवस्थित र स्रोत साधनयुक्त बनाउने। यसका लागि स्वास्थ्य कार्यालय रसुवाले सम्बन्धित गाउँपालिकासँग आवश्यक समन्वय गरी व्यवस्था मिलाउने।

५. जिल्लास्थित सबै गाउँपालिकामा रहेका एकान्तवास स्थल(Quarantine) को अवस्था, व्यवस्थापन र कार्यान्वयन पक्षको विषयमा विशेष अनुगमन गरी सुधार सुझाव सहित माथिल्लो तालुक निकाय केन्द्रीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) र सम्बन्धित तालुक निकायमा पठाउने। अनुगमनको Modality र ढाँचा स्वास्थ्य कार्यालयले तयार गर्ने।

६. हालसम्म जिल्लाभित्र प्रवेश गरेका र स्वयं एकान्तवास(Self-Quarantine) मा बसेका तथा एकान्तवास(Quarantine) बाट स्वयं एकन्तवासमा स्थानान्तरण गरिएका सबै व्यक्तिहरुको तत्काल लगत संकलन गरी अनिवार्य स्वास्थ्य निगरानी(Tracking) को व्यवस्था मिलाउने। यसको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसार कार्यान्वयनको व्यवस्था मिलाउने।

**क.** स्वास्थ्य कार्यालयले निश्चित Modality फर्म तयार गरी सबै गाउँपालिकासँगको समन्वयमा सबै व्यक्तिको लगत तत्काल संकलन गर्ने।

**ख.** यसरी तयार गरिएको लगत अनुसार सबै स्वयं एकान्तवास (Self-Quarantine)मा रहेका व्यक्तिहरुको नियमित निगरानी(Tracking) गर्ने, निगरानीको लागि सम्बन्धित गाँउपालिकालाई स्वयंसेवक तथा स्वास्थ्यकर्मीलाई हप्तामा कम्तिमा २ पटक घरदैलोमा पठाउने र स्वास्थ्य स्क्रिनिङ गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

ग. स्वयं एकान्तवास(Self-Quarantine) मा रहेका व्यक्तिको नियमित सम्पर्क, सञ्चार र अवस्थाको बारेमा सम्बन्धित व्यक्तिको सम्पर्क मोबाईल मार्फत तथा नजिकको सम्पर्क व्यक्तिबाट निगरानी(Tracking) को व्यवस्था जिल्लास्थित कोभिड-१९ सूचना केन्द्रबाट मिलाउने ।

घ. हालसम्म स्वयं स्कान्तवास(Self-Quarantine) रहेका सबै व्यक्तिको Rapid Diagnostic Test-RDT गर्नका लागि आवश्यक व्यवस्था मिलाउन पहल गर्ने ।

ङ. कोरोना महामारी (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयंसेवक परिचालन सम्बन्धी मार्गदर्शन, २०७६ बमोजिम स्वयंसेवक परिचालन गरी एकान्तवास(Self-Quarantine) मा बसेकाहरुको तत्काल स्वास्थ्य निगरानी गर्न सबै गाउँपालिकालाई विशेष अनुरोध गर्ने ।

७. मिति २०७७/०१/१६ गतेको जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र(DCMC) बाट भएको निर्णय "**स्वयं-एकान्तवास(Self-Quarantine) र एकान्तवास(Self-Quarantine) सम्बन्धी जिल्लास्तरीय मापदण्ड, २०७७**" बमोजिम आवश्यक कार्यान्वयनको व्यवस्था मिलाउन सबै गाउँपालिका लगायत सरोकारवाला निकायलाई अनुरोध गर्ने । साथै सम्बन्धित गाउँपालिकाहरुबाट कार्यान्वयन भए/नभएको विषयमा प्रत्येक हप्ता तथ्याङ्क संकलन गरी प्रतिवेदन सहित केन्द्रीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(CCMC) मा पठाउने ।